# डुङ्गेश्वर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीती, २०७८

## डुङ्गेश्वर गाउँपालिका
कर्णाली प्रदेश
दैलेख

### १.पृष्ठभूमिः

नेपालको सविंधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । स्वास्थ्य क्षेत्रलाई समयानुकुल विकास तथा मार्गनिर्देश गर्न एवं नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न नेपालले राष्ट्रिय स्वास्थ्य नीति २०७६ र जनस्वास्थ्य सेवा ऐन २०७५ जारी गरिसकेको छ । यसै सन्दर्भमा कर्णाली प्रदेश सरकारले पनि आफ्नो स्वास्थ्य नीति २०७६ पारित गरी जारी गरिसकेको अवस्था छ । संविधान तथा कानूनले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी एकल तथा साझा अधिकार कार्यान्वयन गर्नु सम्बन्धित पालिकाको दायित्व हो । सङ्क्रामक रोगहरूको नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको नियन्त्रण गर्नु, कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, स्वास्थ्य सेवाको पहुँचमा पुग्न नसकेका नागरिकलाई सेवाको क्षेत्रमा समेट्ने, जेष्ठ नागरिक, शारीरिक तथा मानसिक रुपमा अशक्त भएका, एकल महिला, गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउनु स्थानिय सरकारको प्रमुख दायित्व हुन आएको छ । यिनै विविध अवस्थालाई मध्यनजर गर्दै स्थानीय आवश्यकताको पहिचान गरी स्वास्थ्य क्षेत्रका समस्यालाई न्युनिकरण गर्न स्थानीय सरकारले प्रभावकारी नीति तथा कानुन बनाई अगाडि बढ्नु अति आवश्यक देखिएको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिकावासीको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाइ तथा पोषण सम्बन्धी आवश्यकता र विद्यमान अवस्थाको विश्लेषणका आधारमा प्रस्तुत **डुङ्गेश्वर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ नीति, २०७८** तयार गरी लागु गरिएको छ ।

### २. हालको अवस्था

वि.सं. २०७८ सालको जनगणना अनुसार डुङ्गेश्वर गाउँपालिकाको कुल जनसंख्या १४,५९७ रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) को आ.व. २०७७/०७८ को लागि गरिएको प्रक्षेपण अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १८,५५४ पुगेको अनुमान गरिएको छ, जसमध्ये १ वर्ष मुनिका बालबालिकाको संख्या ३७२ छ भने ५ वर्ष मुनिका बालबालिकाको संख्या १,५४६ रहेको छ । त्यस्तै १० वर्ष देखि १९ वर्ष सम्मका किशोरकिशोरीको संख्या ५,६१५ छ । १५ देखि ४९ वर्षका प्रजनन् उमेरका बिबाहित महिलाहरूको संख्या ४,२५६ रहेको छ । गाउँपालिकामा अनुमानित गर्भवती महिलाहरूको संख्या ४५२ छ र अनुमानित जीवित जन्मने बच्चाहरूको संख्या ३८३ जना छ । यो प्रक्षेपण अनुसार ६५ वर्ष माथिका व्यक्तिहरूको संख्या १,७९१ छ । गाउँपालिका भित्र जम्मा घरधुरी संख्या ३९६३ रहेको छ भने जम्मा घरपरिवारको संख्या ३४३६ रहेको छ । हाल यस गाँउपालिकामा ४ वटा स्वास्थ्य चौकी, ३ वटा सामुदायिक स्वास्थ्य इकाइ १ वटा पोलिक्लिनिक, ४ वटा क्षयरोग उपचार केन्द्र, १५ वटा खोप केन्द्र, ५ वटा बर्थिङ सेन्टर र १२ वटा गाँउघर क्लिनिकले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । डुङ्गेश्वर गाउँपालिकाको केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | डुङ्गेश्वर गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | ८५.८३ | ७३ | ७६.९ | ७३.२ | ७६.८ | ९० | |

डुङ्गेश्वर गाउँपालिका
कार्यपालिकाको कार्यालय
दाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | डुङ्गेश्वर गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ६१.४ | ५८.२ | ६३.४ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | ४१ | ४.९ | ७.० | ३.४ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | १८ | २७.८ | २०.५ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९.४ | ५४.१ | ५२.५ | ५९.८ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ७८.१ | ६१.९ | ६६.९ | १०० | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | ३६ | ५५ | ७.५ | ८.९ | १.५ | १ | |

**३. विद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु**

**३.१ स्वास्थ्य समस्या**

- डुङ्गेश्वर गाउँपालिकाको सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा समतामुलक पहुँच पुग्न सकेको छैन ।

डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डाँडाधराजुल, दैलेख कर्णाली प्रदेश, नेपाल

- मौजुदा सबै स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था सन्तोषजनक नभएको र समयानुकूल सुधार गर्न नसकिएको र न्यूनतम पूर्वाधार सहितको रोग निदान सेवा उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद काम गर्ने वातावरण पनि सृजना गर्नु पर्नेछ ।
- भौगोलिक विकटता, औषधि भण्डारण व्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधीको आपूर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुऱ्याउन र दुर्गम भेगमा बसोबास गर्ने नागरिकलाई समयमा नै समुचित मूल्यमा औषधी उपलब्ध गराउनु र नियमन गर्नु पनि चुनौतीपूर्ण छ ।
- नसर्ने खालका रोगहरु जस्तै मुटु, कलेजो र मृगौला सम्बन्धि समस्याहरु, क्यान्सर, दाँत र आँखा सम्बन्धी समस्या तथा मानसिक रोगहरुको रोकथाम गर्नु पनि जरुरी भएको छ ।
- यस गाउँपालिका भित्र रहेका पिछडिएका, गरिब, असहाय, दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महँगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महँगो भई परिवार नै आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा बसी मृत्युवरण गर्नु पर्ने अवस्था पनि विद्यमान छ ।
- नागरिकहरुमा गरिबी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ ।
- उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस डुङ्गेश्वर गाउँपालिकाका महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ ।
- स्थानीय जडिबुटी एवं आयूर्वेदिक उपचार पद्धतीको अनुसन्धान, उत्पादन र प्रयोग हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरी पहुँच बृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ ।
- गाउँपालिका भित्र आवश्यकता अनुसारको ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैरसरकारी क्षेत्रको लगानीलाई पारदर्शी, प्रभावकारी एवं थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।

डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डाँडापराजुल, दैलेख कर्णाली प्रदेश, नेपाल

- जनताको शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, कमजोर भौतिक पूर्वाधार, परम्परागत धामी-झाक्रीको अभ्यास गर्नु तथा अपर्याप्त सरकारी/निजी लगानी जस्ता समस्याहरु तथा चुनौतीहरु विद्यमान रहेका छन् ।

### ३.२ चुनौती

- स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु ।
- नि:शुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सबै गाउँपालिकावासीहरूलाई सर्वसुलभ रुपमा उपलब्ध गराउनु ।
- महिला, बालबालिका लगायत अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य उपचारमा उच्च रहेको व्यक्तिगत खर्च घटाउनु तथा स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु ।
- स्वास्थ्य क्षेत्रको लागि पर्याप्त आर्थिक स्रोतको निर्धारण र उपलब्धता सुनिश्चितता गर्नु ।
- संघीय नीति तथा मापदण्ड अनुरुप स्वास्थ्य संस्थाको स्थापना गरी सञ्चालन गर्नु ।
- स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित, एकिकृत र प्रविधि मैत्री बनाउनु ।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्याङ्कको प्रयोग बढाउनु ।
- स्वास्थ्य, पोषण तथा सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नु ।

### ३.३ अवसरहरु

- संविधानत स्थानीय तहमा स्वास्थ्यको जिम्मेवारी रहनु
- स्थानिय तहमा १५ शैयाको अस्पताल निर्माणको अवधारणा
- सेवामा समानताका लागि सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्नु
- सर्वसाधारण नागरिकमा स्वास्थ्य सेवाको महत्व बारे जनचेतना बढ्दै जानु
- कार्य सम्पादनका आधारमा प्रोत्साहन तथा सजायको व्यवस्था गर्न सकिने
- दरवन्दी अनुसार जनशक्ति पूर्ति साथै करारमा थप जनशक्तिको व्यवस्था गर्न सकिने
- स्थानीय स्तरबाट नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण योजनाबद्व तरिकाले गर्न सकिने
- गैरसरकारी तथा निजी क्षेत्रहरुसँग सहकार्य र समन्वय गरेर कार्य गर्न सकिने
- निजी सेवा प्रदायकलाई मूलधारमा ल्याई थप उत्तरदायी बनाएर सेवा विस्तार गर्न सकिने
- गुणस्तरीय तथ्याङ्कका आधारमा वार्षिक कार्ययोजना निर्माण गरी यथेष्ट वजेट विनियोजन गर्न सकिने
- जनप्रतिनिधिहरुको स्वास्थ्य प्रति सकारात्मक दृष्टिकोण हुनु

## ४. गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ४.१ नीतिको औचित्य

स्वास्थ्य क्षेत्रले विगतमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविच्छिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप सविधानले दिएको एकल अधिकार एवं साझा अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । राष्ट्रिय स्वास्थ्य नीति, प्रादेशिक स्वास्थ्य नीति तथा नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई आत्मसात गर्दै गाउँपालिकाको प्राथमिकता अनुकूल हुने गरी स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ तथा

गौरीशङ्कर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डाँडापराजुल, दैलेख कर्णाली प्रदेश, नेपाल

व्यवस्थित गरी चलायमान बनाउनका लागि गाउँपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अति आवश्यक भएको छ ।

### ४.२ निर्देशक सिद्धान्त

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७८ को कार्यान्वयन गरिनेछ ।

१. गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

३. तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यवस्थापन

४. सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता

५. दक्ष स्वास्थ्य मानव संसाधनको उत्पादन तथा समुचित व्यवस्थापन

६. प्रभावकारी नियमन, अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण

७. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

८. आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्धन तथा समुचित व्यवस्थापन

### ४.३ भावी सोच (Vision)

डुङ्गेश्वर गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ४.४ ध्येय (Mission)

उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरी सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही तथा सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ४.५ लक्ष्य (Goal)

गाउँपालिकाका सबै नागरिकहरु विशेष गरी महिला, दलित, जनजाति तथा बञ्चितिमा परेकाहरुको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बृद्धि गरी समतामुलक, न्याय सङ्गत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ४.६ उद्देश्यहरू (Objectives)

१. गाउँपालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपर्ने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधी, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकूल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकूल वातावरण सृजना गर्ने ।

४. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्धन र नियमन गर्ने ।

५. स्वास्थ्य सेवा प्रवाहमा सुशासन कायम गर्दै बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्धन गर्ने ।

## ५. नीतिहरु

डुङ्गेश्वर गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतीलाई सम्वोधन गर्दै गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

५.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा अविच्छिन्न प्रवाह गरिनेछ ।

५.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई जनमैत्री, जवाफदेही एवं परिणाममूखी बनाइनेछ ।

५.३ समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, सामाग्री, औजार तथा उपकरणहरुको उचित व्यवस्था गरिनेछ ।

५.४ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाद्वारा जनस्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरिनेछ र आवश्यकता अनुसार सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरिनेछ ।

५.५ तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकिकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रवर्धन गरिनेछ ।

५.६ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा व्यवस्थापन गरिनेछ ।

५.७ पोषण स्थितिलाई सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।

५.८ आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।

५.९ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छतालाई प्रोत्साहन, प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकाबासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

५.१० जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पूनःस्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।

५.११ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीकरणमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।

५.१२ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।

५.१३ स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न तथा सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ ।

५.१४ बिभिन्न सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

५.१५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

## ६. नीति अन्तर्गत रणनीतिहरु

**नीति १ : सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।**

६.१.१ राष्ट्रिय मापदण्ड बमोजिमका आधारभुंत स्वास्थ्य सेवाहरु गाउँपालिकाको सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

६.१.२ भूगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

६.१.३ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास र स्तरोन्नती गरिनेछ ।

६.१.४ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक अवस्थामा परी जीवन सङ्कटमा परेका व्यक्तिको उद्धारको लागि हवाई उद्धार सेवाको व्यवस्था गरिनेछ ।

६.१.५ जिल्ला अस्पताल लगायत अन्य उपल्लो तहको स्वास्थ्य संस्थासँग समन्वय वृद्धि गर्दै दोहोरो प्रेषण प्रणालीलाई सुदृढ गरिनेछ ।

६.१.६ तोकिएको आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेशसँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरिनेछ ।

६.१.७ सुरक्षित मातृत्वको लागि प्रेषण सेवालाई थप प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा (Emergency Obstetric Care (EOC) Fund को व्यवस्था गरिनेछ ।

६.१.८ समुदाय तथा विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन रोमिङ नर्स, विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास समिति जस्ता संस्था तथा आम नागरिकहरु प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

६.१.९ बिरामी, घाइते तथा अशक्त व्यक्तिलाई स्वास्थ्य संस्थासँग पुऱ्याउन प्रत्येक वडामा एम्बुलेन्स तथा स्ट्रेचर लगायतका अन्य आवश्यक साधनको व्यवस्था गरिनेछ ।

६.१.१० आवश्यक पूर्वाधार सहितको खोप क्लिनिक तथा गाँउघर क्लिनिक सेवालाई नियमित गरिनेछ ।

६.१.११ आम जनतालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकामा १५ शैया सम्मको प्राथमिक अस्पतालको स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

६.१.१२ प्रदेशसँगको सहकार्य तथा समन्वयमा पालिकामा आवधिक रुपमा शल्यक्रिया सहितको विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**नीति २ : स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममुखी बनाइने छ ।**

६.२.१ स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो, उजुरी तथा सुझावहरु सङ्कलन गर्ने तथा त्यसको छिटो सम्बोधन हुने प्रणालीको विकास गरिनेछ ।

६.२.२ सामाजिक लेखापरीक्षण, सार्बजनिक सुनुवाई, नागरिक बडापत्र लगायतका अन्य सुशासन प्रवर्धन गर्ने विधिको अवलम्बन गरिनेछ ।

६.२.३ सुचना मैत्री स्वास्थ्य संस्था तथा दक्ष एवं जिम्मेवार स्वास्थ्यकर्मीको अवधारणामा सेवाग्राहीको उपचार सम्बन्धी जानकारी पाउने हक र गोपनियताको सुरक्षा गरिनेछ ।

६.२.४ स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाको लागि उचित व्यवस्था गरिनेछ ।

गाउँपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

६.२.५ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरी सकृय, सशक्त एवं जिम्मेवार बनाउनुका साथै समितिको बैठक नियमित गरी स्वास्थ्य संस्थाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**नीति ३ : समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य संस्थामा आवश्यक पूर्वाधार, औषधी, स्वास्थ्य उपकरण तथा औजारहरुको उचित व्यवस्था गरिनेछ ।**

६.३.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

६.३.२ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी, औजार उपकरणको सूची तयार गरी समयमा नै खरिद, आपूर्ती, भण्डारण, बितरण तथा नियमित मर्मत सम्भार, संरक्षण र व्यवस्थापनको कार्यलाई सुदृढ गरिनेछ ।

६.३.३ प्रत्येक स्वास्थ्य संस्थामा क्रमशः मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ ।

६.३.४ स्वास्थ्य संस्थामा खानेपानी, शौचालय, बिजुली, इन्टरनेट सेवा लगायत मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।

६.३.५ आपूर्ती व्यवस्थापनलाई चुस्त बनाउन LMIS प्रणालीलाई सुदृढ बनाईनुका साथै पालिका देखि स्वास्थ्य संस्था स्तर सम्म e-LMIS प्रणालीबाट आपूर्ती कार्यलाई ब्यवस्थित गरिदै लगिनेछ ।

६.३.६ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने जनस्वास्थ्य कार्यक्रमका तोकिएका औषधी तथा औषधी जन्य सामाग्रीहरु तथा सेवाहरुमा गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ ।

६.३.७ स्वास्थ्य संस्थाहरुमा सङ्क्रमण रोकथाम तथा नियन्त्रण कार्य राष्ट्रिय निर्देशिका अनुसार लागु भएको सुनिश्चित गरिनेछ ।

**नीति ४: स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न जनस्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै व्यवस्थित गरिनुका साथै सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रसँग आवश्यक सहकार्य, समन्वय तथा साझेदारी गरिनेछ ।**

६.४.१ गाउँपालिका स्वास्थ्य नीतिको प्रभाबकारी कार्यान्वयनका लागि दिगो विकास लक्ष्य अनुरुप गाउँपालिकाको स्वास्थ्य क्षेत्रको बजेटलाई वृद्धि गर्दै बार्षिक बजेटको कम्तीमा १० प्रतिशत सम्म पुऱ्याईनेछ ।

६.४.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई यस गाउँपालिकामा विस्तार गरी प्रभावकारी तुल्याईनेछ । अति गरिब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

६.४.३ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई व्यवस्थित तथा प्रोत्साहन गर्न सार्वजनिक-निजी साझेदारी रणनीति बनाई लागु गरिनेछ ।

६.४.४ गाउँपालिकामा स्वास्थ्य क्षेत्रको विकासमा निजी क्षेत्रलाई आमन्त्रित गरी सेवामूलक बनाउन प्रेरित गरिनेछ ।

**नीति ५ : तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रवर्द्धन गरिनेछ ।**

६.५.१ प्रत्येक स्वास्थ्य संस्थाहरुमा विद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था गरिनेछ ।

६.५.२ गाउँपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका

निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरिनेछ ।

६.५.३ तथ्याङ्कको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणको प्रणालीलाई सवलीकृत गरिनेछ ।

६.५.४ स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहको अभिलेख राख्ने तथा प्रतिवेदन गर्ने HMIS तथा LMIS का रजिष्टर, फारम तथा फरमेटहरु वर्षभरी उपलब्ध भएको सुनिश्चित गरिनेछ ।

६.५.५ गाउँपालिकाको वार्षिक स्वास्थ्य योजना तर्जुमा गर्दा स्वास्थ्यको सुचना प्रणालीबाट उपलब्ध तथ्याङ्क तथा अध्ययनमा आधारित भएर तथ्यपरक योजना निर्माण गर्ने तथा तथ्याङ्कीय विश्लेषण तथा व्याख्याको आधारमा निर्णय लिने पद्धतिको विकास गरिनेछ ।

६.५.६ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकीकृत विद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।

६.५.७ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धनात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सो कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।

६.५.८ सबै निजी तथा गैरसरकारी संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको प्रभावकारी अभिलेख तथा प्रतिवेदन सङ्कलन गरिने व्यवस्था गरिनेछ ।

**नीति ६ : स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा व्यवस्थापन गरिनेछ ।**

६.६.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्य प्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ । सबै स्वास्थ्यकर्मीहरुलाई उनीहरुको कार्य विवरण (Job Description) प्रदान गरिनेछ ।

६.६.२ स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनुकूल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा सङ्गठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

६.६.३ स्वास्थ्य क्षेत्रमा स्रोतको समुचित परिचालन गर्दै समयानुकूल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

६.६.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

६.६.५ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रवर्धन गरिनेछ ।

६.६.६ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समय सापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्धनका लागि निरन्तर परिचालन गरिनेछ । ६० बर्ष उमेर पुगेका वा लेखपढ गर्न नजान्ने वा शारीरिक तथा मानसिक अशक्तता भएका वा काम गर्न नचाहने वा निस्कृय महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक बिदाई गरी भरसक कम्तीमा ८ कक्षा सम्म उत्तीर्ण गरेका सम्बन्धित वडाबासी विवाहित महिलालाई सम्वन्धित वडाको स्वास्थ्य आमा समुहको सिफारिसमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयमा महिला स्वास्थ्य स्वयंसेविका छनोट गरिने व्यवस्था गरिनेछ ।

**नीति ७ : पोषण स्थितिलाई सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।**

गुर्भाकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डाँडापराजुल, दैलेख कर्णाली प्रदेश, नेपाल

६.७.१ पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रवर्धन गर्न कृषि क्षेत्र लगायत सम्वन्धित सरोकारवालाहरुसँग समन्वय र पैरवी गरी स्थानीय स्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्य वस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

६.७.२ प्रत्येक परिवारलाई सम्भव भए सम्म करेसाबारी निर्माण तथा खानामा विविधिकरण गरी प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

६.७.३ पोषणयुक्त दिवा खाजा, बालपौष्टिक आहार लगायतका रैथाने कृषि उत्पादनमा आधारित खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनुका साथै सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ ।

६.७.४ बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायतलाई गाउँपालिकाको परिवेश अनुकूल बनाई कार्यान्वयन गरिनेछ ।

६.७.५ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार सेवन र पत्रु खाना (जंक फुड) को बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरिनेछ ।

६.७.६ २ (दुई) वर्ष मुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन गरिनेछ साथै पहिचान भएका कुपोषित बालबालिकाहरुको उपचार तथा पूर्नस्थापनाका लागि आवश्यकता अनुसार पोषण पूर्नस्थापना सेवा केन्द्र स्थापना, सुदृढीकरण एवं बिस्तार गरिनेछ ।

६.७.७ दुग्ध जन्य, मासु जन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक अनुगमन तथा नियमन गरिनेछ ।

**नीति ८ : आयूर्वेद तथा प्रचलित बैकल्पिक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।**

६.८.१ आधारभूत आयुर्वेद एवं बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।

६.८.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रमसँग एकिकृत गर्दै आयूर्वेद एवं बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ ।

६.८.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

**नीति ९ : वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छतालाई प्रोत्सहान, प्रवर्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

६.९.१ खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाइ युक्त गाँउपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

६.९.२ गाउँपालिका भित्र जल, वायु, ध्वनी, भूमि लगायत अन्य वातावरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

६.९.३ बस्तीहरुमा श्वासप्रश्वास रोगको कारक मानिएको घर भित्र हुने धुँवा नियन्त्रण गर्न सफा चुलोको प्रवर्धन गरिनेछ ।

६.९.४ समुदाय, स्वास्थ्य संस्था तथा विद्यालयमा स्वच्छ खानेपानी तथा उचित सरसफाइको व्यवस्था गरिनेछ । यसका लागि खानेपानी तथा सरसफाई मापदण्ड बनाई लागु गरिनेछ ।

६.९.५ मौसम तथा जलवायु परिवर्तन साथै काम र कार्यस्थलको वातावरणीय अवस्थाका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा गैरसरकारी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी

गाउँपालिकाको कार्यालय
कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ ।

६.९.६ सर्वव्यापी सावधानीको अवधारणालाई अनुसरण गरी स्वास्थ्यजन्य लगायत अन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा उचित किसिमले फोहोर मैला सङ्कलन, वर्गीकरण र विसर्जनको व्यवस्था गरिनेछ ।

६.९.७ कीटनाशक विषादीको प्रयोगलाई नियमन तथा औद्योगिक रसायनको समुचित विसर्जन गर्न सम्वन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

६.९.८ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुन सक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ ।

६.९.९ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन बीमा भएको सुनिश्चित गरिनेछ ।

**नीति १० : जनस्वास्थ्यको आपतकालीन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पून:स्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।**

६.१०.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६.१०.२ गाउँपालिका तथा वडा स्तरीय स्वास्थ्य क्षेत्र आपतकालिन पूर्व तयारी एवं प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६.१०.३ सम्भावित विपद वा प्रकोपको व्यवस्थापन कार्यका लागि प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Municipal Health Emergency Operation Centre) स्थापना गरी गाउँपालिका देखि वडा तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरिनेछ ।

६.१०.४ सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी तथा सामग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरिनेछ ।

६.१०.५ गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT) तथा प्रदेश सरकारसँगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (Emergency Medical Team) गठन गरी अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।

६.१०.६ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१०.७ सरुवा रोगको निरन्तर निगरानी गरी नियन्त्रण, निवारण र उन्मूलनको लागि प्रभावकारी उपाय अवलम्बन गरिनेछ ।

**नीति ११ : सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।**

६.११.१ स्वास्थ्य बिमा तथा सामाजिक सुरक्षा कार्यक्रम लगायत अन्य योजनाहरु मार्फत गुणस्तरीय स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गरिनेछ ।

६.११.२ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप

...श्वर गाउँपालिका
कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ।

६.११.४ महिला, दलित, जनजाति जस्ता लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समुदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ।

६.११.५ लैङ्गिक हिंसाको रोकथाम तथा त्यस्तो हिंसाबाट पीडित व्यक्तिहरुलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको लागि उचित प्रवन्ध गरिनेछ।

**नीति १२ : सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ।**

६.१२.१ घरैमा सुत्केरी हुने दरलाई शून्यमा झारी गाउँपालिकालाई शतप्रतिशत संस्थागत सुत्केरी हुने गाउँपालिकाको रुपमा सुनिश्चित गरिनेछ।

६.१२.२ गाउँपालिका भित्र साथै सबै स्वास्थ्यहरुमा स्तनपान कक्षको स्थापना गरि सञ्चालित बर्थिङ सेन्टरहरुलाई मानव स्रोत र भौतिक साधन सम्पन्न बनाइनेछ। सुत्केरी कक्ष तथा कुरुवा कक्ष (Waiting Room) लाई जाडो मौसममा न्यानो बनाउने उचित व्यवस्था गरिनेछ।

६.१२.३ नवजात शिशु स्वास्थ्य संरक्षणका लागि गाउँपालिका भित्रका स्वास्थ्य संस्था स्तर अनुसार New Born Corner लगायतका सेवा सुविधा विस्तार गरिनेछ।

६.१२.४ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बाल मृत्युदरलाई न्यूनीकरण गर्न विशेष जोड दिईनेछ।

६.१२.५ नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६.१२.६ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा विस्तार गरिनेछ।

६.१२.७ महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ।

६.१२.८ सबै संस्थागत मातृ मृत्यु तथा नवजात शिशु मृत्युको कारण पुनरावलोकन गर्ने पद्धति (Maternal and Perinatal Death Surveillance and Response (MPDSR)) लाई अनिवार्य गराईनेछ। समुदाय स्तरमा भएका मातृ तथा नवजात शिशु मृत्युहरुको Verbal Autopsy गरिनेछ।

६.१२.९ हाल सञ्चालित राष्ट्रिय विस्तारित खोप कार्यक्रमलाई सुदृढ गरी यस गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका बनाईनेछ।

६.१२.१० सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ। लैंगिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ।

६.१२.११ परिवार नियोजनका अस्थायी साधनको नियमित एवं निरन्तर आपूर्ति सुनिश्चित गरी आवश्यकता अनुसार स्थायी बन्ध्याकरण शिविरको सञ्चालन गरिनेछ।

६.१२.१२ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ।

भैरवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

**नीति १३ : स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न तथा सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ ।**

६.१३.१ स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा प्रभावकारी रुपमा स्वास्थ्य सेवा पुऱ्याउन निजी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक साझेदारी गरिनेछ ।

६.१३.२ गाउँपालिका भित्र कानुन बनाई सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, जस्ता सेवा प्रदायक निजी स्वास्थ्य संस्थाको दर्ता तथा सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।

६.१३.३ गाउँपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समावेश गरिनेछ ।

६.१३.४ स्वास्थ्य क्षेत्रमा अधिकतम प्रतिफल प्राप्त गर्न बहुक्षेत्रीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरिनेछ ।

६.१३.५ स्वास्थ्य क्षेत्रको समग्र अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्न एक अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन निर्देशिका तयार गरिनेछ र सोहि अनुसार नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने पद्धतीको विकास गरिनेछ ।

**नीति १४ : बिभिन्न सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।**

६.१४.१ क्षयरोग, एचआइभी र एड्स, औलो, कालाजार लगायतका रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मुलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.१४.२ पशुपन्छीजन्य र कीटजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि उचित व्यवस्था गरिनेछ ।

६.१४.३ झाडा-पखाला, टाईफाईड, फ्लू जस्ता रोगहरुको रोकथाम तथा उपचारको उचित व्यवस्था गरिनेछ ।

**नीति १५ : नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।**

६.१५.१ तोकिए बमोजिमका अवस्थाको समयमै नसर्ने रोगको पहिचान गर्न आवश्यक स्वास्थ्य संस्थामा स्क्रिनिङ्ग सेवा सञ्चालन गरिनेछ ।

६.१५.२ प्रमुख नसर्ने रोगहरुको रोकथाम र व्यवस्थापनका लागि WHO Package of Essential Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ ।

६.१५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनको लागि प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गर्नका लागि आधुनिक तथा वैकल्पिक चिकित्सा पद्धतीबाट मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।

६.१५.४ लागु पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्दै बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ ।

६.१५.५ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रवर्धनको लागि समुदायका राजनीतिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिनेछ ।

६.१५.६ स्वास्थ्य प्रवर्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु आवश्यकता अनुसार स्थापना गरिनेछ ।

६.१५.७ विभिन्न सञ्चार माध्यमहरु मार्फत जनचेतनामुलक स्वास्थ्य सन्देशहरु नियमित प्रवाह गरिनेछ ।

**७. संस्थागत संरचना**

७.१ यस नीति कार्यान्वयनका लागि डुङ्गेश्वर गाउँपालिकाकाको स्वास्थ्य शाखाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहने छन् । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तर्गत सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा एक प्राथमिक अस्पताल स्थापना गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसँग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिनेछ ।

७.३ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न गाउँपालिका तहमा स्वास्थ्य समिति वा अन्य संयन्त्रको व्यवस्था गरिनेछ ।

**८. आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलतः डुङ्गेश्वर गाउँपालिकाकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न डुङ्गेश्वर गाउँपालिकाको सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

**९. अनुगमन र मूल्यांकन**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्याङ्कन गर्ने दायित्व सामाजिक विकास समितिको हुनेछ । यसको लागि उक्त समितिको संयन्त्र र क्षमता विकास गरिनेछ । स्वास्थ्य क्षेत्रको समग्र अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक निर्देशिका तयार गरिनेछ र सोहि अनुरुप अनुगमन गरिनेछ । वडा कार्यालयहरु एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागिता मुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ ।

**१०. नीति कार्यान्वयनको कार्ययोजना**

नीति कार्यान्वयनका लागि डुङ्गेश्वर गाउँपालिकाले आवश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधि आदि तर्जुमा गर्नेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानुन, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधिनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउने छ । सोहि योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

**११. जोखिम**

राज्यको पुन:संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकाङ्क्षा, गाउँपालिका संस्थागत बिकासको चरणमा रहेको, सीमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन् ।

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गरी स्वस्थ नागरिक तयार गर्न डुङ्गेश्वर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ नीति २०७८ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्यूनीकरण गरिनेछ ।

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल